प्रदेश सरकार
प्रदेश नं. ५
भौतिक पूर्वाधार विकास मन्त्रालय
बुटवल, नेपाल

प्रदेश सरकार

# भौतिक पूर्वाधार विकास मन्त्रालय

प्रदेश नं. ५, बुटवल

विषय : खानेपानी, सरसफाई तथा स्वच्छता (वास) कार्यविधि, २०७६ लाई स्वीकृती प्रदान गर्ने सम्बन्धमा ।

प्रस्ताव पेश गर्न विभागीय मन्त्रीबाट स्वीकृती प्राप्त मिति : २०७६/०४/०५

**१. विषयको संक्षिप्त व्यहोरा**

नेपालको संविधानले आधारभूतस्तरको खानेपानी, सरसफाई तथा स्वच्छता (वास) सुविधालाई नागरिकको मौलिक हकको रुपमा प्रत्याभूत गरेको र प्रदेश सरकार प्रदेश नं. ५ को नीति तथा कार्यक्रममा प्रदेशभित्र सबैको निम्ति स्वच्छ खानेपानी तथा सरसफाईको उपलब्धताका साथै यसको दिगो ब्यबस्थापन सुनिश्चितता गर्ने उद्देश्य रहेकाले सबै नगरपालिका/ गाउँपालिकाहरुले खानेपानी, सरसफाई तथा स्वच्छता (वास) योजना तर्जुमा गरी खानेपानी, सरसफाई तथा स्वच्छताका क्रियाकलाप कार्यान्वयन गराउन वाञ्छनीय भएको हुनाले प्रदेश नं.५ प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा २ वमोजिम खानेपानी, सरसफाई तथा स्वच्छता (वास) कार्यविधि, २०७६ तर्जुमा गरी लागु गर्न आवश्यक देखिएको हुँदा सो को मस्यौदा गरी स्वीकृतीका लागि यो प्रस्ताव तयार गरिएको छ ।

**२. प्राप्त परामर्श तथा अन्य प्रासङ्गिक कुरा :**

**३. प्रस्ताव पेश गर्नुपर्नाको कारण र मन्त्रालयको सिफारिस :**

नागरिकको मौलिक हकको रुपमा नेपालको संविधानले आधारभूतस्तरको खानेपानी, सरसफाई तथा स्वच्छता (वास) सुविधालाई प्रत्याभूत गरेको र प्रदेश सरकार प्रदेश नं. ५ को नीति तथा कार्यक्रममा प्रदेशभित्र सबैको निम्ति स्वच्छ खानेपानी तथा सरसफाईको उपलब्धताका साथै यसको दिगो ब्यबस्थापन सुनिश्चितता गर्ने उद्देश्यलाई सफल पार्न सबै नगरपालिका/ गाउँपालिकाहरुले खानेपानी, सरसफाई तथा स्वच्छता (वास) योजना तर्जुमा गरी खानेपानी, सरसफाई तथा स्वच्छताका क्रियाकलाप कार्यान्वयन गराउन आवश्यक भएकाले खानेपानी, सरसफाई तथा स्वच्छता (वास) कार्यविधि, २०७६ तर्जुमा गरी स्वीकृतीका लागि प्रदेश नं ५, प्रदेश सरकार (कार्यसम्पादन) नियमावली २०७४ को अनुसूची १ विषय संख्या १७ बमोजिम यो प्रस्ताव पेश गरिएको छ ।

सचिव

४. निर्णय हुनुपर्ने व्यहोरा :

"खानेपानी, सरसफाई तथा स्वच्छता (वास) कार्यविधि, २०७६ लाई स्वीकृती प्रदान गर्ने" ।

मितिः २०७६/०४/०५

(रामचन्द्र दंगाल)

सचिव

श्री सचिव,
भौतिक पूर्वाधार विकास मन्त्रालय।

मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश सरकार
प्रदेश नं.५
बुटवल, नेपाल

खानेपानी सरसफाई तथा स्वच्छता (वास) कार्यविधि, २०७६ स्वीकृत गर्ने सम्बन्धमा भौतिक पूर्वाधार विकास मन्त्रालयको नं.६/३-२०७६ मिति २०७६।०४।०५ को प्रस्ताव प्र.मं.प.बै.सं. १०/२०७६, मिति २०७६।०४।०६ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा प्रदेश सरकार (मन्त्रिपरिषद्) ले देहायबमोजिम निर्णय गरेकाले सो अनुसार कार्यान्वयन हुन प्रदेश नं. ५, प्रदेश सरकार (कार्य सम्पादन) नियमावली, २०७४ को नियम ३५ को उपनियम (२) बमोजिम अनुरोध गरेको छु-

<u>प्रदेश सरकारको निर्णय-</u>

"प्रस्तावमा लेखिएबमोजिम गर्ने।"

२०७६।०४।०६

(डा. तीर्थराज ढकाल)
प्रमुख सचिव
प्रमुख सचिव

प्रदेश सरकार
प्रदेश नं. ५
भौतिक पूर्वाधार विकास मन्त्रालय
बुटवल, नेपाल

# खानेपानी, सरसफाई तथा स्वच्छता (वास) कार्यविधि-२०७६

प्रदेश सरकार

भौतिक पूर्वाधार विकास मन्त्रालय

प्रदेश नं. ५, बुटवल

सचिव

# खानेपानी, सरसफाई तथा स्वच्छता (वास) कार्यविधि-२०७६

प्रस्तावना :

नेपालको संविधानले आधारभूतस्तरको खानेपानी, सरसफाई तथा स्वच्छता (वास) सुविधालाई नागरिकको मौलिक हकको रुपमा प्रत्याभूत गरेको र प्रदेश सरकार प्रदेश नं. ५ को नीति तथा कार्यक्रममा प्रदेशभित्र सबैको निम्ति स्वच्छ खानेपानी तथा रररफाईको उपलब्धताका साथै यसको दिगो ब्यबस्थापन सुनिश्चितता गर्ने उद्देश्य रहेकाले सबै गगरपालिका/गाउँपालिकाहरुले खानेपानी, सरसफाई तथा स्वच्छता (वास) योजना तर्जुमा गरी खानेपानी, सरसफाई तथा स्वच्छताका क्रियाकलाप कार्यान्वयन गराउन वाञ्छनीय भएको हुनाले प्रदेश नं.५ प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा २ वमोजिम प्रदेश सरकारले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

यस कार्यविधिको नामः "खानेपानी, सरसफाई तथा स्वच्छता (वास) कार्यविधि २०७६" रहेको छ ।

१) यो कार्यविधि प्रदेश नं. ५ भर लागू हुनेछ ।

२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा :

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "मन्त्रालय" भन्नाले, प्रदेश नं. ५ को भौतिक पूर्वाधार विकास मन्त्रालय सम्झनु पर्छ ।

(ख) "स्थानीय तह" भन्नाले प्रदेश नं. ५ मा पर्ने नगरपालिका, गाउँपालिका र उप-महानगरपालिकालाई सम्झनु पर्दछ ।

(ग) "वास" भन्नाले खानेपानी, सरसफाई तथा स्वच्छता सम्झनु पर्दछ ।

(घ) "सार्वजनिक खरिद कानून" भन्नाले प्रचलित सार्वजनिक खरिदसम्बन्धी कानूनलाई सम्झनु पर्दछ ।

(ङ) "परामर्शदाता" भन्नाले प्रचलित कानूनबमोजिम परामर्श सेवा उपलब्ध गराउने जिम्मेवारी भएको व्यक्ति वा संस्थालाई सम्झनु पर्छ ।



सचिव

(च) "सरसफाई" भन्नाले मानव मलमूत्रको सुरक्षित विसर्जन लगायत फोहरमैला र फोहर पानीको विसर्जन सम्बन्धी क्रियाकलापलाई सम्झनु पर्छ र सो शब्दले जनस्वास्थ्य प्रवर्द्धनका लागि गरिने स्वास्थ्य सम्बन्धी विभिन्न क्रियाकलापलाई समेत बुझाउँछ ।

(छ) "स्वच्छता" भन्नाले आफू र वरिपरिको वातावरण सफा राखी रोगको विस्तार रोक्न तथा बिरामी हुनबाट बच्न अपनाइने सम्पूर्ण आनिबानी र व्यवहार सम्झनु पर्छ ।

(ज) "सेवा प्रदायक" भन्नाले वास योजना विज्ञ, स्थानीय तहका संयोजक तथा वास योजना तयारी गर्न मन्त्रालयले करार सेवामा लिएका अन्य जनशक्ति सम्झनु पर्छ ।

(झ) "सफा र स्वच्छ अवस्था" भन्नाले सफा र स्वच्छ चरणका सूचकहरु पूरा गरेपछि सम्बन्धित समितिबाट अनुमोदन एवम् प्रमाणीकरण भएको अवस्था सम्झनु पर्छ ।

(ञ) **"वास योजना"** भन्नाले स्थानीय तहको खानेपानी, सरसफाई र स्वच्छताको आधार रेखा तयार गरी शत प्रतिशत खानेपानीको पहुँच, खुल्ला दिसामुक्त, पूर्ण सरसफाई र आनीबानी परिवर्तनको लक्ष्य हासिल गर्न पूर्ण सहभागितात्मक र समावेशी प्रक्रियाबाट माग र आवश्यकताको आधारमा चरणवद्ध प्रकृयाद्वारा निर्माण गरीएको योजना सम्झनु पर्छ ।

(ट) "पूर्ण सरसफाई उन्मुख अवस्था" भन्नाले यस कार्यविधिमा उल्लेखित सफा र स्वच्छ, पूर्ण सरसफाई उन्मुख दुवै चरणका सूचकहरु पूरा गरेपछि सम्बन्धित समितिबाट अनुमोदन एवं प्रमाणीकरण भएको अवस्थालाई सम्झनु पर्छ ।

(ठ) "सार्वजनिक शौचालय" भन्नाले सार्वजनिक स्थानमा हिंडडुल गर्ने जो कोही व्यक्तिले प्रयोग गर्नसक्ने प्रयोगकर्ता-मैत्री शौचालय सम्झनु पर्छ ।

(ड) "संस्थागत शौचालय" भन्नाले विद्यालय, कार्यालय, स्वास्थ्य संस्था तथा सार्वजनिक स्थलहरुमा निर्माण गरीएका र आम नागरिकले सहजरुपमा प्रयोग गर्नसक्ने तथा प्रयोगकर्ता-मैत्री शौचालय सम्झनु पर्छ ।

(ढ) "सामाजिक समावेशीकरण" भन्नाले जुनसुकै लिङ्ग, जात, जाति, वर्ग, धर्म, व्यवसाय भएका समुदायका व्यक्तिको योजना तर्जुमा, निर्णय प्रक्रिया र सेवा सुविधामा पहुँच रहेको अवस्थालाई सम्झनु पर्छ ।

(ण) "प्रयोगकर्ता-मैत्री खानेपानी, सरसफाई र स्वच्छताका सुविधाहरु" भन्नाले शारीरिक असक्षमता वा फरक क्षमता भएका, बालबालिका, गर्भवति सुत्केरी तथा जेष्ठ नागरिक लगायत सबैले प्रयोग गर्न सजिलो हुने प्रयोगकर्ता-मैत्री सर्वउपयोगी सुविधा सम्झनु पर्छ ।

(त) "बानी व्यवहार विकास" भन्नाले शौचालयको प्रयोग गर्ने, साबुन पानीले हात धुने, महिलाको महिनावारी व्यवस्थापन गर्ने लगायत सरसफाई तथा स्वच्छतासम्बन्धी अन्य आनीबानीको विकासको निरन्तर प्रक्रिया सम्झनु पर्छ ।



सचिव

(थ) "दिगो सरसफाई" भन्नाले स्वस्फूर्त र नियमित रुपमा संचालित सरसफाई सम्झनु पर्छ ।

(द) "सुरक्षित पानी" भन्नाले मानव स्वास्थ्यलाई हानी गर्ने भौतिक, जैवीक र रासायनिक पदार्थरहित पानी सम्झनु पर्छ ।

(ध) "सरोकारवाला" भन्नाले वास क्षेत्रमा कार्यरत सरकारी, गैह्रसरकारी कार्यालय तथा निकाय, राजनीतिक दल, विद्यालय, सहकारी, निजीक्षेत्र, नागरिक समाज, सञ्चार क्षेत्र, उपभोक्ता समितिहरु लगायतका सरोकारवाला सम्झनु पर्छ ।

(न) "समिति" भन्नाले यस कार्यविधिको दफा ३ बमोजिम गठन भएको स्थानीय तह स्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता समिति सम्झनु पर्छ ।

## परिच्छेद — २

## खानेपानी, सरसफाई तथा स्वच्छता (वाश) योजना

३. **वास योजनाको तयार गर्नुपर्नेः** (१) प्रत्येक स्थानीय तहले आफ्नो क्षेत्र भित्र खानेपानी, सरसफाई तथा स्वच्छता सुनिश्चित गर्न वाश योजना तयार गर्नु पर्नेछ ।

(२) वाश योजना तयार गर्ने मुख्य जिम्मेवारी सम्वन्धित स्थानीय तहको हुनेछ ।

(३) स्थानीय तहको संयोजनमा प्रत्येक वडामा सम्बन्धित वडास्तरीय खानेपानी सरसफाई तथा स्वच्छता योजना तयार गर्नुपर्ने ।

(४) गाउँस्तर र वडा स्तरमा खानेपानी, सरसफाई तथा स्वच्छता समिति गठन गर्नुपर्नेछ ।

४. **खानेपानी, सरसफाई तथा स्वच्छताको मुख्य सुचकहरु-**

(क) स्थानीय तहस्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता योजना तयार गर्न दीगो विकास लक्ष्यमा उल्लेख भएका मुख्य सूचकहरुलाई आधार मानेर तथ्याङ्क संकलन गर्नुपर्नेछ ।

(ख) खण्ड (क) बमोजिमका सूचकहरुको व्याख्या अनुसूची २ बमोजिम हुनेछ र तथ्याङ्क संकलन गर्न जानुभन्दा पहिले मुख्य सूचक बारेमा स्पष्ट गर्नुपर्नेछ ।

(ग) सम्बन्धित वडास्तरीय बैठकमा सबैले एकै किसिमले अर्थ बुझे वा नबुझेको एकिन गरी सूचकहरुको अर्थ बुझेको स्पष्ट भएपछि मात्र तथ्याङ्क संकलन कार्य गर्नुपर्नेछ ।

## परिच्छेद -३

## खानेपानी, सरसफाई तथा स्वच्छता समिति



सचिव

प्रदेश सरकार
प्रदेश नं. ५
भौतिक पूर्वाधार विकास मन्त्रालय
बुटवल, नेपाल

५. समितिको गठनः (१) स्थानीय तहस्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता समितिको गठन देहाय बमोजिम हुनेछ :

(क) सम्बन्धीत स्थानीय तहको प्रमुख वा अध्यक्ष -अध्यक्ष
(ख) नगरउपप्रमुख वा उपाध्यक्ष -सदस्य
(ग) सम्बन्धित स्थानीय तहका सबै वडाका वडा अध्यक्ष -सदस्य
(घ) सम्बन्धित स्थानीय तहभित्रका सुरक्षा निकाय प्रमुख वा प्रतिनिधिहरु -सदस्य
(ङ) खानेपानी उपभोक्ता समितिमध्येबाट समितिले मनोनयन गरेको एक जना -सदस्य
(च) स्वास्थ्य र सरसफाई, फोहोरमैला व्यवस्थापनको क्षेत्रमा काम गर्ने गै.स.स.मध्येबाट समितिले मनोनयन गरेको एक महिला सहित दुई जना -सदस्य
(छ) सम्बन्धित स्थानीय निकायको प्रमुख प्रशासकीय अधिकृत -सदस्य
(ज) वाससँग सम्वन्धित शाखाका प्रमुखहरु -सदस्य
(झ) प्रमुख, वास इकाइ -सदस्य-सचिव

(२) समितिले आवश्यकता अनुसार स्थानीय तहभित्र काम गर्ने वाससँग सम्वन्धित अन्य सरोकारवालाहरुलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) कुनै कारण वास इकाईका प्रमुख बैठकमा अनुपस्थित भएमा वाससँग सम्बन्धित अन्य शाखाका प्रमुखहरु मध्ये अध्यक्षले तोकेको व्यक्तिले सदस्य सचिवको रुपमा काम गर्नेछ ।

६. समितिको काम, कर्तव्य र अधिकारः दफा ३ बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ -

(क) स्थानीय तहको क्षेत्रभित्र सम्पूर्ण नागरिकहरुलाई खानेपानी, सरसफाई तथा स्वच्छता सुविधा सुनिश्चितताका लागि स्थानीय तहस्तरको खानेपानी, सरसफाई तथा स्वच्छता योजना तर्जुमा गर्ने ।
(ख) खण्ड (क) बमोजिमको योजना तयारीका चरणहरु अनुसूची १ बमोजिम हुनेछन् ।
(ग) खुल्ला दिसामुक्त क्षेत्र घोषणालाई दिगो बनाउँदै पूर्ण सरसफाई सुनिश्चितता गर्ने ।
(घ) स्थानीय तहको क्षेत्रभित्र रहेका स्वास्थ्य, सरसफाई र फोहोरमैला व्यवस्थापनका क्षेत्रमा काम गर्ने संस्थाहरुबीच समन्वय गर्ने ।
(ङ) खानेपानी, स्वास्थ्य, सरसफाई र फोहोरमैला व्यवस्थापनका क्षेत्रमा काम गर्ने संस्थाहरुको श्रोत र साधनलाई एकिकृत रुपमा परिचालन गर्ने व्यवस्था मिलाउने ।
(च) पूर्ण सरसफाई र स्वच्छतासम्बन्धी बानी व्यवहार विकास गर्न अभियान संचालन गर्ने ।
(छ) पूर्ण सरसफाई, फोहोरमैला व्यवस्थापनका लागि सम्बन्धित वडास्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता समितिलाई आवश्यक सहयोग गर्ने ।



सचिव

७. वडास्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समिति : (१) स्थानीय तहको प्रत्येक वडामा वडास्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता समिति गठन हुनेछ ।

(२) वडास्तरीय समितिको गठन देहाय बमोजिम हुनेछ:

(क) सम्बन्धित वडा अध्यक्ष - संयोजक

(ख) सम्बन्धित वडा समितिका सदस्यहरु - सदस्य

(ग) सम्बन्धित वडाका स्वास्थ्य संस्था प्रमुख - सदस्य

(घ) स्वास्थ्य, सरसफाई र फोहोरमैलाको क्षेत्रमा काम गर्ने संस्थामध्ये समितिले मनोनयन गरेको एक महिला सहित तीन जना - सदस्य

(ङ) सम्बन्धित वडा-सचिव - सदस्य-सचिव

८. वडा स्तरीय समितिको काम, कर्तव्य र अधिकारः वडा स्तरीय समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) सम्बन्धित वडालाई खुला दिसामुक्त, पूर्ण सरसफाईयुक्त क्षेत्र बनाउने योजना कार्यान्वयन गर्ने ।

(ख) सम्बन्धित वडामा खुल्ला दिसामुक्त क्षेत्र घोषणालाई दिगो बनाउदै पूर्ण सरसफाई सुनिश्चितता कायम गर्ने ।

(ग) सम्बन्धित वडामा गठन भएका टोल विकास संस्थाहरुलाई सम्बन्धित वडाको खुल्ला दिसामुक्त, आनीबानी परिवर्तन र पूर्ण सरसफाई अभियानमा परिचालन गर्ने ।

(घ) सम्बन्धित वडाभित्र रहेका स्वास्थ्य, सरसफाई र फोहोरमैला व्यवस्थापनका क्षेत्रमा काम गर्ने संस्थाहरु बिच समन्वय गर्ने ।

(ङ) सम्बन्धित वडा स्तरमा स्वास्थ्य, सरसफाई र फोहोरमैला व्यवस्थापनका क्षेत्रमा काम गर्ने संस्थाहरुको श्रोत र साधनलाई एकिकृत रुपमा परिचालन गर्ने व्यवस्था मिलाउने ।

(च) सम्बन्धित वडा स्तरमा पूर्ण सरसफाई र स्वच्छतासम्बन्धी बानी व्यवहार विकास गर्न विभिन्न क्रियाकलापहरु संचालन गर्ने ।

(छ) नगरपालिका/गाउँपालिकास्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता समितिबाट प्राप्त निर्देशनहरु कार्यान्वयन र आवश्यक समन्वय गर्ने ।

## परिच्छेद -४

## जिम्मेवार निकाय



सचिव

९. मन्त्रालयको जिम्मेवारी: वाश योजना तयारी तथा कार्यान्वयनका लागि मन्त्रालयको जिम्मेवारी देहाय बमोजिम हुनेछ:

(क) वाश योजना तयारीका लागि विज्ञ टोलि छनोट तथा परिचालन गर्ने ।

(ख) नगरपालिका/गाउँपालिकास्तरमा संचालित कार्यशालाको निरीक्षण गर्ने ।

(ग) क्षमतावृद्धिका लागि सञ्चालन हुने तालिमको अनुगमन गर्ने ।

(घ) वित्तीय व्यवस्थापन, योजना तर्जुमा र कार्यान्वयनको कार्यमा स्थानीय तहहरुलाई आवश्यक सहयोग गर्ने ।

(ङ) आवश्यकता अनुसारका विषयगत टोलीहरू सहयोगको लागि खटाउने व्यवस्था मिलाउने ।

(च) मन्त्रालयले विज्ञ, नगरपालिका/गाँउपालिकास्तरको संयोजक र स्रोत व्यक्ति खटाउने व्यवस्था गर्ने ।

(छ) सञ्चालित कार्यक्रमको मूल्याङ्कन गरी प्रभावकारी रुपमा थप कार्यक्रम निर्धारण गर्ने ।

(ज) नगरपालिका/गाउँपालिकाहरुबाट प्राप्त तथ्याङ्क, विवरण एकिकृत गर्ने र व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट गराउने, अपडेट गर्ने ।

(झ) वाश योजना तयार भइसकेपछि योजना अनुसार प्रदेशबाट गर्नुपर्ने सहयोग र लगानी उपलब्धताका आधारहरु तयार गरी सहयोग उपलब्ध गराउने ।

१०. स्थानीय तहको जिम्मेवारी:

(क) वाश योजना तर्जुमाका लागि आवश्यक निर्णयहरु गर्ने, बजेट विनियोजन गर्ने ।

(ख) बढीमा एक महिनामा सम्पूर्ण घरधूरीहरुको विवरण तथ्याङ्क संकलनका लागि आवश्यक पर्ने संकलकहरु नियुक्त गरी परिचालन गर्ने ।

(ग) खण्ड (ख) बमोजिम खटिएका संकलकहरुको कार्यको उपलब्धी अनुसार पारिश्रमिक भुक्तानी दिने ।

(घ) स्रोत, साधन र सूचनाको उच्चतम प्रयोग सुनिश्चितता गर्ने ।

(ङ) वास योजना तर्जुमालाई सहजीकरण गर्न विविध गतिविधिहरू सञ्चालन गर्ने ।

(च) तथ्याङ्कको त्रुटी घटाई विश्वसनीयता बढाउनका लागि स्थानीय तहको सूचना-प्रविधि अधिकृतले विवरणहरुको रुजु गर्ने, अनुगमन, पृष्ठपोषण प्रदान गरी नेतृत्वदायी भूमिका निर्वाह गर्ने गरी जिम्मेवारी प्रदान गर्ने ।

(छ) सम्बन्धित वडाहरुलाई सम्बन्धित वडास्तरका तथ्याङ्क तथा योजनाहरु तर्जुमा गर्न लगाउने, सहजीकरण गर्ने ।

(ज) संकलित तथ्याङ्कको अधिकतम प्रयोग गर्ने, अध्यावधिक गर्ने तथा आवश्यक विवरणहरु प्रदेश सरकारलाई उपलब्ध गराउने।

(झ) संकलित तथ्याङ्क सूचना प्रणालीमा प्रविष्ट गराउने ।

सचिव

(ञ) कार्यक्रम प्रभावकारी बनाउन र एकरुपता कायम गर्न स्थानीय तहमा सरकारी तथा गैरसरकारी संस्था एवम् नागरिक समाजसँग समन्वय गर्ने ।

(ट) प्रत्येक सम्बन्धित वडा तहमा क्षमता विकासका लागि संचालन हुने तालिम, अभिमुखीकरण कार्यक्रममा नेतृत्वदायी भूमीका निर्वाह गर्नेछ ।

(ठ) तयार भएको वास योजनामा तोकिएको प्राथमिकता अनुसारका योजनाहरु सम्पन्न गर्नका लागि बजेट विनियोजन गर्ने र सोको कार्यान्वयन गर्ने ।

(ड) तथ्याङ्क संकलन पश्चात वास योजना तयार गर्ने मुख्य जिम्मेवारी स्थानीय तह संयोजकको हुनेछ ।

(ढ) स्थानीय तहले तोकिएको समयसीमाभित्र वास योजना तयार गरी मन्त्रालयलाई बुझाउनु पर्नेछ ।

११. तथ्याङ्क संकलन : वाश योजनाका लागि तथ्याङ संकलन गर्दा देहाय बमोजिम गर्नुपर्नेछ :

(क) वाश योजनाका लागि आवश्यक तथ्याङ्क संकलन गर्न जनशक्तिको पहिचान तथा परिचालन गरिनेछ ।

(ख) आवश्यक पर्ने तथ्याङ्क संकलन गर्न स्थानीय तहहरुले आवश्यक संख्यामा संकलकहरु (कम्तीमा उच्च माध्यमिक वा सो सरह उत्तिर्ण गरेका मध्येबाट) छनौट गरी परिचालन गरिनेछ ।

(ग) तथ्याङ्क संकलनमा सहजीकरण गर्न, संकलकहरुको परिचालन, नियमन, अनुगमन गर्न तथा संकलित तथ्याङ्कहरुको विश्वसनीयता बढाउनका लागि स्थानीय तहस्तरमा एक जना अधिकृतस्तरको कर्मचारीलाई जिम्मेवारी दिई वा करार सेवामा लिने वा परामर्शदाताबाट खटाइनेछ ।

(घ) तथ्याङ्क संकलन गर्ने सम्वन्धी ठाउँमा अनिवार्य रुपमा जानुपर्ने छ ।

(ङ) तथ्याङ्कको पुनः परिक्षण गर्न सकिने छ ।

(च) सजीलो माध्यम, आवश्यकता अनुसार सजिलैसँग तथ्याङ्क अद्यावधिक गर्न सकिने गरी प्रत्येक इकाईको विवरण छुटाछुटै हेर्न सकिने, जि.पि.एस्. विवरण लिन सकिने छ ।

(छ) संकलन गरिएको तथ्याङ्कलाई गुगल म्यापमा राख्नुपर्ने ।

(ज) सजीलो तथा आधुनिक डिजिटल प्रविधी भएकोले मोबाइल फोन सेटमा कोबो कलेक्ट टुल एप्लिकेशन (KOBO Collect Tool Application) को प्रयोग गर्नुपर्नेछ ।

(झ) स्थानीय तहले तथ्याङ्क सकंलनका लागि यो भन्दा राम्रा अन्य एप्लिकेशनहरु पनि प्रयोग गर्न सक्नेछन् ।

(ञ) नगरपालिका/गाउँपालिका भित्रका सबै घरधुरी, सार्वजनिक स्थल, संस्थाहरु तथा विद्यालयहरुको वास विवरणका साथै भौगोलिक अवस्था जि.पि.एस्. रिडिङ्ग सहितको तथ्याङ्क समेट्न प्रश्नावली अनुसार तथ्याङ्क संकलन गर्नुपर्नेछ ।

(ट) संकलकहरुले तथ्याङ्क सकंलन गरेको दिन सकभर तथ्याङ्क पठाउनु पर्नेछ ।



सचिव

(ठ) प्राप्त भएको तथ्याङ्कको यथाशीघ्र परिक्षण गरी नगरपालिका/गाउँपालिकास्तरको जिम्मेवार व्यक्तिले आवश्यकता अनुसार सुधारको लागि जानकारी गराउनु पर्नेछ ।

(ड) समयमै संकलकले तथ्याङ्क नपठाउने र नगरपालिका/गाउँपालिकास्तरको जिम्मेवार व्यक्तिले समयमै सुझाव वा जानकारी तुरुन्त गराउने काम नभएमा श्रृजित समस्याको जवाफदेहिता सम्बन्धित व्यक्तिले नै लिनुपर्नेछ ।

(ढ) तथ्याङ्क संकलन गर्दा अनुसूची-३ मा उल्लेखित विवरणहरु संकलन गर्नु पर्नेछ ।

१२. तथ्याङ्क संकलन पूर्व गर्नुपर्ने कार्यः कुनैपनि सर्वेक्षण शुरु गर्नु तथा तथ्याङ्क संकलक परिचालन गर्नु अगावै देहायमा उल्लेखित सूचना/विवरणहरु उपलब्ध भएको हुनुपर्नेछ ।

(क) खानेपानी तथा सरसफाई योजनाको सूची र ती योजनाहरुको पानीको गुणस्तर मापनका लागि कम्तीमा पनि पि./ए. भायल प्रयोग गरी सुरक्षित पानी पिउने गरे नगरेको विवरण,

(ख) घरधुरी सर्वेक्षणको लागि घरसंख्या, सम्बन्धित वडाको सीमाना तथा जनसांख्यिक विवरणको उपलब्धता,

(ग) जनगणना विधि अनुसार शतप्रतिशत घरधुरी तथा उक्त क्षेत्रका प्रश्नावलीमा उल्लेख गरे अनुसार सर्वेक्षण,

(घ) गाउँ तथा टोललाई संकेत नम्बर दिई तथ्याङ्क विश्लेषण सरल बनाउने,

(ङ) नगरपालिका/गाउँपालिकाको सम्बन्धित वडा गत रुपमा सार्वजनिक, सस्थागत र विद्यालयहरुको वास सेवा सुविधाको सूची तैयारी,

(च) जनगणना विधि अनुसार शतप्रतिशत स्थानमा पुगी प्रश्नावलीमा उल्लेख गरे अनुसार सर्वेक्षण,

(छ) नगरपालिका/गाउँपालिकास्तर तथा सम्बन्धित वडास्तरको वास समन्वय समितिको वैठकका लागि नमूना ढाँचा तैयारी,

(ज) कुनैगाउँ वा टोल खानेपानी तथा सरसफाई योजनावाट छुटिएका छन भने त्यस ठाउँको आवश्यक तथ्याङ्क अझै बढी लिनुपर्ने,

(झ) घरायसी तह सर्वेक्षण र मोवाइल एप्स प्रयोग नभएको अवस्थामा, गाउँ वा टोलस्तरको भेलावाट समस्याहरु पहिचान तथा सम्भावित समस्याको समाधानहरु पहिचान गर्न सकिने,

(ञ) सूचिकृत भएका योजनाहरु मध्ये समस्या देखिएको योजनाहरुमा मात्र विवरण संकलन गर्न सकिने ।

सचिव

१३. वित्तीय व्यवस्थापन

(१) वास योजना तयार गर्न र क्षमता विकास गर्नका लागि मन्त्रालयस्तर, वास योजना विज्ञ तथा स्थानीय तह संयोजकको वित्तीय जिम्मेवारी मन्त्रालयको हुनेछ ।

(२) तथ्याङ्क संयोजक तथा नगरपालिका/गाउँपालिकास्तर र सम्बन्धित वडास्तरका अन्य थप जनशक्ति आवश्यकता भएमा वित्तीय जिम्मेवारी स्थानीय तहको हुनेछ ।

(३) मन्त्रालयस्तर र नगरपालिका/गाउँपालिकास्तरसम्मको जनशक्ति र नगरपालिका/गाउँपालिका स्तरको गोष्ठीका लागि वित्तीय जिम्मेवारी मन्त्रालयको हुनेछ ।

(४) अन्य सबै गोष्ठी तथा कार्यक्रमको वित्तीय जिम्मेवारी नगरपालिका/गाउँपालिकाको हुनेछ ।

१४. **वास योजना सहजीकरण विज्ञ टोलीसम्बन्धी व्यवस्थाः** (१) वास योजना तयारीका लागि देहायबमोजिम टोली गठन गर्न सकिनेछ ।

(क) महाशाखा प्रमुख, खानेपानी तथा सरसफाई महाशाखा, भौतिक पूर्वाधार विकास मन्त्रालय - संयोजक

(ख) मन्त्रालयले तोकेका वाश योजना विशेषज्ञ बढीमा तीनजना - सदस्य

१. संयोजकले आवश्यक ठानेमा तालिम, अनुगमन, लेखा व्यवस्थापन तथा अन्य कार्यमा आवश्यकता अनुसार अन्य कर्मचारी खटाउन सक्नेछ ।

२. वास योजना विज्ञको जिम्मेवारी तथा भूमिका समझदारी-पत्रमा तोकिए अनुसार हुनेछ ।

१५. **सेवा प्रदायकको छनौट र कार्यः**

(१) वास योजना तयार गर्नका लागि सेवा प्रदायक (गैरसरकारी संस्था/ ब्यक्ती/ परामर्श फर्म) लाई छनौट गरिनेछ।

(२) सेवा प्रदायकको छनौट प्रचलित कानूनका आधारमा मन्त्रालयबाट हुनेछ ।

(३) सेवा प्रदायकको कार्य समझदारी-पत्रमा उल्लेख भए बमोजिम हुनेछ ।

(४) सेवा प्रदायकले प्रत्येक स्थानीय तहहरुका लागि छनौट भएका स्थानीय तह संयोजकहरुलाई तालिम दिईनेछ।

(५) सेवा प्रदायकको रुपमा खटिएका सेवाप्रदायकले स्थानीय तहहरुलाई आवश्यक सहयोग गर्ने, अनुगमन, पृष्ठपोषण गर्ने, सहजीकरण गर्ने कार्य गर्दै तथ्याङ्कको विश्वसनीयता कायम गराउनुपर्नेछ ।

सचिव

१६. कार्यान्वयनसम्बन्धीः खानेपानी, सरसफाई तथा स्वच्छता योजना तयारी जिम्मेवारी तथा भूमिका करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

१७.प्रचलित कानून बमोजिम हुनेः (१) यस कार्यविधिमा लेखिएकोमा यसै बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ ।

(२) यस कार्यविधिमा भएका प्रावधानहरु प्रचलित कानूनसंग बाझिएमा प्रचलित कानून बमोजिम हुनेछ।

## अनुसूची-१

नगरपालिका/गाउँपालिका खानेपानी, सरसफाई तथा स्वच्छता योजना तयारीको चरणहरु

| चरण | क्रियाकलाप | जिम्मेवारी | सरोकारवालाहरु र काम |
|---|---|---|---|
| (क) | नगरपालिका/गाउँपालिकाको निर्णय | को | जनप्रतिनिधिहरु, स्थानीय तह वास-सीसी र सम्बन्धित वडा वास-सीसीको सदस्यहरु, स्थानीय तह वास इकाईका कर्मचारीहरु, स्थानीय तहको मुख्य कर्मचारीहरु र सरोकारवालाहरु । |
| | | के | यदि स्थानीय तह वास योजना आवश्यक छ भने निर्णय गर्ने, यो योजना भित्र के हुनुपर्छ निक्र्योल गर्ने, अद्यावधिक गर्ने), स्थानीय तह वास योजना प्रकियाका लागि आवश्यक बजेट र कार्य योजना स्थानीय तह वास योजना कार्यदलले मनोनयन |
| (ख) | सम्बन्धित वडा वास योजना कार्यदल र सम्बन्धित वडा स्तरीय तथ्याङ्क संकलन समूह | को | सम्बन्धित वडा वास योजना कार्यदल र सम्बन्धित वडा स्तरीय तथ्याङ्क संकलक समुह |
| | | के | सम्बन्धित वडा वास योजना कार्यदल र सम्बन्धित वडा स्तरीय तथ्याङ्क संकलक समूहलाई अभिमुखीकरण, सूचकहरु, कोबो एप्लिकेसन टुल (KoBo Application |



सचिव

| | | | |
|---|---|---|---|
| | | | Tool), मिति र लक्ष्यहरु सहित स्थानीय तहस्तरीय संयुक्त कार्य योजना ।<br>तथ्याङ्क संकलक छनौट हुनुपूर्व सम्बन्धित वडास्तरीय समुहले हाल भैरहेको खानेपानी तथा सरसफाई योजनाको संकेत सहित सम्बन्धित वडागत रुपमा सूची तयार पार्ने ।<br>सम्बन्धित वडास्तरीय समुहले मिति र साप्ताहिक/मासिक कार्य योजनाहरु र लक्ष्य सहित आफ्नो आन्तरिक कार्य योजना तयार गर्ने । |
| (ग) | तथ्याङ्क संकलन | को | तथ्याङ्क संकलक र गुणस्तर सुनिश्चित गर्न वास इकाई, स्थानीय तह संयोजक वा सूचना-प्रविधि अधिकृत |
| | | के | सम्बन्धित वडास्तरीय टोलीले कोबो (KoBo) औजार प्रयोग गरी घरधूरी र सार्वजनिक, संस्थागत र विद्यालयको तथ्याङ्क संकलन गर्ने ।<br>नगरपालिका/गाउँपालिका संयोजकबाट वा सूचना-प्रविधि अधिकृत वा तोकिएको व्यक्तिबाट दैनिक आधारमा नियमित रुपमा तथ्याङ्क गुणस्तरको सुनिश्चित गर्ने । शुरुको दिनहरुमा तथ्याङ्क संकलकहरुले प्रश्नावली नबुझिकन पनि तथ्याङ्क संकलन गर्न सक्ने हुनाले निगरानी राख्नु पर्ने हुन्छ । |
| (घ) | तथ्याङ्क विश्लेषण | को | सम्बन्धित वडा वास योजना कार्यदल |

| | | | |
|---|---|---|---|
| | | के | प्रारम्भिक बिश्लेषण र तथ्याङ्क, नक्सा र प्राथमिकता दिनुपर्ने बस्ती / समुदाय प्रस्तुतीकरण गर्ने । सार्वजनिक ठाउँहरुमा प्रदर्शन गर्ने, सम्बन्धित वडा कार्यालयको सूचना बोर्ड तथा अन्य उपयुक्त ठाउँहरु राखी पहिचान गर्ने । सम्बन्धित वडास्तरीय बैठकका लागि तथ्याङ्कको तयारी गर्ने । यदि कुनै समुदाय/ बस्तीमा स्पष्ट रूपमा केही समस्या देखियो भने महत्वपूर्ण बिषयहरुमा थप तथ्याङ्क आवश्यक हुन सक्छ । |
| (ङ) | सम्बन्धित वडा स्तरीय योजना तह | को | वाड-वास-सीसीहरु सहित सम्बन्धित वडा प्रतिनिधि, अधिकारीहरु र साथै इच्छुक नागरिकहरु पनि सहभागी हुन सक्ने । |
| | | के | प्राथमिकताहरुको पहिचान गर्ने, जस्तैः सम्बन्धित वडा स्तरमै तर्जुमा, बजेट व्यवस्था र कार्यान्वयन गर्न सकिने योजना । सम्बन्धित वडा स्तरबाट निर्णय गरी कार्यान्वयन गर्न स्थानीय तहस्तरमा पठाउनु पर्ने योजना । |
| (च) | नगरपालिका/गाउँपालिकास्तरीय योजना तह | को | नगरपालिका/गाउँपालिका- वास- सीसीहरु सहित सम्बन्धित वडा प्रतिनिधि र अधिकारीहरु, इच्छुक नागरिकहरुपनि सहभागि हुन सक्ने । |



सचिव

| | | | |
|---|---|---|---|
| | | के | सम्बन्धित वडाबाट पठाएको योजनाहरुको प्राथमिकता । नगरपालिका/गाउँपालिकास्तरीय कार्य र लागतको आधारमा ठूलो वा बढी खर्च लाग्ने योजनाहरु र गतिविधिहरुको पहिचान । |
| | अतिरिक्त तथ्याङ्क र गाउँ बस्तीगत लेखाजोखा | को | सम्बन्धित वडा वास योजना कार्यदल |
| (छ) | | के | सार्वजनिक, संस्थागत तथा विद्यालयको वास सुबिधाहरु सर्वेक्षणमा छुटेमा वा राम्रोसँग नआउँदा सम्बन्धित वडा वास योजना कार्यदलले विस्तृत रुपमा तथ्याङ्क खोज्ने, अवस्था पहिचान गर्ने र योजनाको लागी प्रस्ताव गर्न सक्ने छ । |
| (ज) | क्षमतावृद्धि गोष्ठी | को | सम्बन्धित वडा वास योजना कार्यदल |
| | | के | सम्बन्धित वडा तहको सबै अभिमुखीकरणहरु सकिएपछि दलित, महिला तथा पिछडिएका वर्गहरुको योजना प्रकियामा सहभागी भै आफ्नो विचार राख्न सक्ने अवस्था बनाउन सचेतना अभिबृद्धिको लागि कार्यशाला गोष्ठी गर्ने । |
| (झ) | | को | सम्बन्धित वडा वास सिसि |

प्रदेश सरकार प्रदेश नं. ५ भौतिक पूर्वाधार विकास मन्त्रालय बुटवल, नेपाल

सचिव

| | | | |
|---|---|---|---|
| | सम्बन्धित वडा स्तरीय योजना तयारी पश्चात गोष्ठी | के | सम्बन्धित वडास्तरीय योजना तयार भएपछि योजनाको बारेमा जानकारी गराउन र सो योजना कार्यान्वयन गर्नको लागि विभिन्न किसिमको संघ संस्था तथा निकायहरुको प्रतिबद्धता लिन गोष्ठी संचालन गर्ने वा नगर्ने भन्ने निर्णय गर्ने । यदि गोष्ठी संचालन गर्ने निर्णय भएमा हाल भैरहेका र संभावित सरोकारवालाहरुलाई सहभागी गराउने । |

## अनुसूची – २

दिगो विकास लक्ष्यको आधारमा निम्न सूचकहरुको अर्थ देहायवमोजिम हुनेछ ।

१. खानेपानीतर्फ

(क) सुरक्षित तरिकाले पानी व्यवस्थापन (**Safely managed water supply**) : घरपरिवारले तलको सूचकहरु सबैमा 'हो' भन्ने जबाफ दिएमा सुरक्षित पानी प्राप्त भएको मानिनुका अतिरिक्त देहायका सूचकको वारेमा समेत तथ्याङ्क संकलन गरिनेछ ।

(अ) व्यक्तिगत धारा जडान, सामुदायिक धारा, सुरक्षित मूल,

(आ) ५ मिनेटभित्र पानीको उपलब्धता,

(इ) १२ महिंना पानीको उपलब्धता,

(ई) पानीको परिक्षण गरेको सूचिमा योजना 'जीवाणुरहित भए /नभएको उल्लेख भएको,

(ख) आधारभूत पानी सुबिधा (Basic water supply)

(अ) व्यक्तिगत धारा जडान, सामुदायिक धारा, मूल, खोला, कुवा, बर्षातको पानी,

(आ) पानी संकलन समय ३० मिनेटभन्दा कम,

(इ) पानीको उप्लब्धता १२ महिंनाभन्दा कम,

(ई) पानीको परिक्षण गरेको सूचिमा योजना 'जीवाणुरहित भए/नभएको उल्लेख भएको,

(ग) सीमित पानी सुबिधा (Limited water supply) : माथिका मध्ये कुनैपनि हुनसक्ने तर, पानी संकलन समय ३० मिनेटभन्दा बढी लाग्ने अबस्था भएको ।

(घ) असुरक्षित पानी सुबिधा (Unimproved water supply): संरक्षण नगरिएका कुवा, मूल, इनार तथा अन्य असुरक्षित मूलहरु, र

(ङ) सतहको पानी (Surface Water) : खोला, नदी ,पोखरी सिंचाइ कुलोमध्ये कुनै एकवाट पानी संकलन गर्ने गरेको (यो सबैभन्दा असुरक्षित विकल्प हो ।)

सचिव

प्रदेश सरकार
प्रदेश नं. ५
भौतिक पूर्वाधार विकास मन्त्रालय
बुटवल, नेपाल

२. सरसफाईतर्फः

(क) सुरक्षित रूपमा व्यवस्थित (Safely managed): दुई खाल्डे पक्की चर्पी भएको

(ख) आधारभूत (Basic): अन्य परिवारसँग साझेदारी नगरिएको एक खाल्डे वा सेप्टिक टैंक भएको पक्की चर्पी

(ग) सीमित (Limited): पक्की चर्पी तर अन्य परिवारसँग साझेदारी गरीएको

(घ) नसुधारिएको (Unimproved): कच्ची चर्पी

(ङ) खुल्ला दिसा (Open Defecation): चर्पी नभएको वा खुला ठाउँमा दिसा गर्ने गरेको

## अनुसूची — ३

१. घरधुरी तहको विवरण

१.१. शतप्रतिशत घरधुरीको तथ्याङ्क संकलन गरेपछि मात्र प्रत्येक सम्बन्धित वडाको गाउँवस्ती अनुसार तथ्याङ्क विश्लेषण गरिने छ ।

१.२. घरधुरी पिच्छेको विवरण आवश्कता अनुसार पुनः हेर्न वा जाँच गर्न सकिने अवस्था रहनेछ ।

१.३. संकलन गरेको विवरणले प्रत्येक गाउँवस्तीका साथै सवै पक्षको प्रतिनिधित्व गर्नेछ।

१.४. घरधूरी तहको तथ्याङ्कमा तल उल्लेखित विवरणहरु समेटी मोवाइल फोनको एप्स प्रयोग गरिनेछ ।

(क) जनसांख्यिक विवरण
(ख) खानेपानी आपूर्तिको सुविधा पहिचान
(ग) खानेपानी तथा सरसफाई सञ्चालन (Functionality) तथा सेवास्तर
(घ) पूर्ण सरसफाईको सूचकहरुका आधारमा सरसफाई तथा स्वच्छताको अवस्था

सचिव

प्रदेश सरकार
प्रदेश नं. ५
भौतिक पूर्वाधार विकास मन्त्रालय
बुटवल, नेपाल

२. सार्वजनिक, सस्थागत र विद्यालयको विवरण

२.१ सम्बन्धित वडाबाट प्रशासनिक क्षेत्र पहिचान गरी त्यस क्षेत्रभित्र पर्ने सबै सार्वजनिक, सस्थागत तथा विद्यालयको तथ्याङ्क संकलन गर्नुपर्ने ।

स्पष्टीकरणः- यस उपदफाको प्रयोजनका लागि "प्रशासनिक क्षेत्र" भन्नाले हाट वजार तथा वसपार्क, स्वास्थ्य सस्था तथा अस्पताल, सम्बन्धित वडा तथा सरकारी कार्यालय, सुरक्षा निकायका कार्यालय, विद्यालयहरु आदिको वास सेवासुविधा देखिने गरी चित्रण गरीएको क्षेत्र भन्ने जनाउँछ ।

(क) जनसाङ्ख्यिक विवरण

स्पष्टिकरणः- यस खण्डको प्रयोजनका लागि जनसाङ्ख्यिक विवरणमा कसले सुविधा लिएको छ? यदि विद्यालय हो भने, कति सख्यामा विद्यार्थी तथा शिक्षक-शिक्षिका र सरकारी कार्यालय हो भने, कति कर्मचारी र कति सेवाग्राही विवरण भन्ने जनाउँछ ।

(ख) खानेपानी आपूर्तिको सेवा सुविधाको अवस्था पहिचान,

(ग) खानेपानी तथा सरसफाई सञ्चालन (Functionality) तथा सेवास्तर,

(घ) पूर्ण सरसफाईको सूचकहरुका आधारमा सरसफाई तथा स्वच्छताको अवस्था,

(ङ) चर्पी छ चर्पी छैन, चर्पी संख्या, लैगिंक समानता तथा सामाजिक समावेशीकरण, पानीको उपलब्धता, हात धुने सुविधा सहित पानीको व्यवस्था )